नेपाल वायुसेवा

मिति : २०७८/०८/२२

# प्रेस विज्ञप्ति

नेपाल वायुसेवा निगमले नेपाली मौलिक उत्पादनहरु यात्रुलाई बिक्रीको रुपमा उपलब्ध गराउन निगमको टिकट बिक्री कक्षमा सोभेनियर सेल्स काउण्टर (Souvenir Sales Counter) को स्थापना गरेको छ ।

निगमका कार्यकारी अध्यक्ष श्री युवराज अधिकारले उक्त सेल्स काउण्टरको एक समारोहकाबीच आज समुद्घाटन गर्नुभयो । केन्द्रीय कार्यालयको टिकट बिक्री कक्षमा खोलिए जस्तै सोभेनियर सेल्स काउण्टर (Souvenir Sales Counter) निगमका अन्य कार्यालयहरुमा पनि क्रमशः खोल्दै जाने लक्ष्य राखिएको छ ।

नेपालको कला संस्कृतिलाई अन्तर्राष्ट्रिय जगतमा व्यापकता प्रदान गर्दै विपन्न वर्गको सीपलाई प्रोत्साहन गरी नेपाली उत्पादनलाई स्वदेशी एवम् विदेशी यात्रुहरुको माध्यमबाट अन्तर्राष्ट्रिय जगतमा पुऱ्याउने उद्देश्यले निगमको टिकट बिक्री कक्षमा सोभेनियर सेल्स काउण्टरको स्थापना गरिएको छ ।

नेपाली कच्चा पदार्थ बाँस, घाँस आदिबाट बनेका ढक्की, व्यालेट, पर्सकासाथै कप, टि-म्याट, विमान चढ्दा सजिलोको लागि लगाउने नेक पिलो (Neck Pillow) र विमानका नमूना जस्ता सामानहरु सेल्स काउण्टरमा उपलब्ध हुनेछन् ।

करिश्मा श्रेष्ठ
प्रवक्ता

नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१,काठमाडौं, नेपाल, फोनः ४२२०७५७ फ्याक्सः ०१-४२२५३४८
Email: info@nac.com.np,web: www.nepalairlines.com.np